विषय : नेपाली

कक्षा : ६

खण्ड : २

## बोध तथा रचना

**१. तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्:**

कसैलाई असल शिक्षा दिने र ज्ञानगुनका कुरा सिकाउने व्यक्ति नै गुरु हुन् भने गुरुले दिएको शिक्षा ग्रहण गर्ने व्यक्ति शिष्य हुन् । गुरुले शिष्यको जिज्ञासा मेटाउने काम गर्छन् । उनले नजान्नेलाई जान्ने र जान्नेलाई अझ जान्ने बनाउँछन् । उनी ज्ञानका भण्डार हुन् । केही नजान्ने उजाड भूमिजस्तो शिष्यलाई उनले ज्ञानगुनका कुरा सिकाउँछन् र उसलाई जान्ने बनाउँछन् । उसको जीवन राम्रो बनाउन धेरै प्रयास गर्छन् । उसको शैक्षिक स्तर उँचो बनाउँछन् र खुसी तुल्याउँछन् । उजाड भूमिमा फूलबारी बनाए जस्तै गुरुले नजान्ने शिष्यलाई ज्ञान दिई उसको जीवन हराभरा बनाइदिन्छन् । उनी ज्ञानका भण्डार हुन् । गुरुको ज्ञान बाँडेर कहिल्यै सकिँदैन । उनीसँग अथाह ज्ञानको भण्डार छ । गुरुले सधैँ राम्रा र जाती कुरा सिकाउँछन् । उनी शिष्यका निम्ति सत्मार्ग देखाउने मार्गदर्शक हुन् ।

गुरुले दिएका असल उपदेश र ज्ञानलाई अनुसरण गर्नु शिष्यको कर्तव्य हो । गुरु कर्तव्यनिष्ठ, दूरदर्शी, लगनशील, अनुशासित, धैर्यशील, प्रगतिशील, ज्ञानी र असल स्वभावका हुन्छन् । गुरुका यस्ता असल स्वभाव जब शिष्यमा सर्न थाल्दछन् तब एउटा शिष्य असल र ज्ञानी बन्दछ । गुरु ज्ञानका सागर हुन् । उनीभित्र कति ज्ञान छ भनेर न नाप्न सकिन्छ न तौलन सकिन्छ । उनको ज्ञानले काँचो माटो जस्तै एउटा शिष्य कोही डाक्टर बन्छ भने कोही विमान चालक बन्छ । कोही वैज्ञानिक बन्छ भने कोही समाजसेवी बन्छ । कोही राष्ट्र हाँक्ने नेता बन्छ भने कोही ज्ञान र शिक्षाले संसार उज्यालो बनाउने शिक्षक बन्छ । त्यसैले गुरु र शिष्यको सम्बन्ध असल हुनुपर्छ । एकले अर्कालाई सम्मान गर्नुपर्छ । गुरुले असल ज्ञान दिनुपर्छ र शिष्यले असल ज्ञान लिनुपर्छ ।

**प्रश्नहरू :**

क) गुरु कस्ता स्वभावका हुन्छन् ?

ख) गुरु केका भण्डार हुन् ?

ग) कस्ता व्यक्तिलाई गुरु भनिन्छ ?

घ) सत्मार्ग र जिज्ञासा शब्दको अर्थ लेख्नुहोस् ।

ङ) **मार्गदर्शक** र **लगनशील** शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**२. दिइएका बुँदाका आधारमा शीर्षकसहित कथा लेख्नुहोस्:**

एक जना गरिब दाउरे हुनु......दाउरा बेचेर घर चलाउनु......एकदिन पोखरीको छेउमा दाउरा काट्दै गर्दा बन्चरो पोखरीमा खस्नु......ऊ पोखरीको डिलमा बसेर रुन थाल्नु.......अकस्मात् जलदेवता प्रकट हुनु.....उसलाई के भयो भनी सोध्नु......दाउरेले सबै कुरा बताउनु......जलदेवताले पहिले सुनको बन्चरो देखाएर लैजाऊ भन्नु........तर उसले आफ्नै फलामको बन्चरो माग्नु......फेरि जलदेवताले उसलाई चाँदीको बन्चरो देखाउनु.......उसले लिन नमान्नु......जलदेवताले फलामको बन्चरो देखाउनु.......उसले खुसी भएर आफ्नो बन्चरो लिनु.......दाउरेको सत्यता देखेर जलदेवता खुसी हुनु......उसलाई सबै बन्चराहरू दिनु.......यो कुरा गाउँमा फैलिनु......यो कुरा अर्को एक जना लोभी दाउरेले थाहा पाउनु.......जानीजानी आफ्नो फलामको बन्चरो पोखरीमा खसाउनु.....रुन कराउन थाल्नु.......जल देवता प्रकट हुनु.......उनले सुन, चाँदी र फलामको बन्चरो देखाई तिम्रो कुन हो भनी सोध्नु.......लोभी दाउरेले सुनको बन्चरो मेरो हो भन्नु......झुटो बोलेकोमा जलदेवता रिसाउनु....एउटै पनि बन्चरो नदिनु......अलप हुनु......सत्य बोल्दा कहिल्यै दुःख हुँदैन भन्ने सन्देश ।

३. प्रकृतिका बारेमा आफूले जानेका कुराहरू समेटी तीन अनुच्छेद लेख्नुहोस् ।

## व्याकरण खण्ड

विभक्ति

**४. कोष्ठकबाट विभक्तिका ठिक चिह्न छानेर खालीठाउँ भर्नुहोस्:**

क) म.........भाइले कलम दियो । (ले, लाई)

ख) बाबा........ल्याउनुभएको किताब राम्रो छ । (ले, लाई)

ग) घर.......... सबैले गृहकार्य गर्दैछन् । (देखि, मा)

घ) रुख...........सबैलाई छाया दिन्छ । (ले, लाई)

ङ) आफ्नो भाइ..............माया गर । (ले, लाई)

च) तिमी ..........गृहकार्य सकियो ? (रो, को)

छ) आमा.........कपडा राम्ररी राख । (रो, को)

ज) तिमी मेरा ............के गर्छौ ? (निम्ति, लाई)

झ) गाई गोठ.......... बस्छ । (ले, मा)

ञ) शिर...........पाउसम्म सफा राख है ? (मा, देखि)

## वचन परिवर्तन

एक सङ्ख्या बुझाउने शब्दलाई एकवचन भनिन्छ भने दुई वा दुईभन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई बहुवचन भनिन्छ ।

जस्तै :

| एकवचन | बहुवचन |
|---|---|
| किताब | किताबहरू |
| म | हामी |
| तिमी | तिमीहरू |
| तँ | तिमीहरू |
| गुरु | गुरुहरू, गुरुवर्ग |
| मेरो | मेरा |
| सानो | साना |

## ५. तलका एक वचन बुझाउने वाक्यलाई बहुवचन बनाई लेख्नुहोस्:

क) तिमी असल छौ ।

ख) म सधैँ गृहकार्य गर्छु ।

ग) तिम्रो काम राम्रो छ ।

घ) मेरो भाइ ज्ञानी छ ।

ङ) पसलमा सामान पाइन्छ ।

च) यो कलम मेरो हो ।

छ) तिमी कोरोनाबाट बच्न घरमै बस है !

ज) मेरो किताब मलाई देऊ ।

झ) तिम्रो घडी खोइ ?

ञ) ऊ घरमा थिएन ।

विषय शिक्षक : लक्ष्मी शर्मा
सम्पर्क : ९८४१९११९०६
इमेल : niradnikita@gmail.com